आज मिति २०७८ साल श्रावण ६ गतेका दिन यस मकवानपुरगढी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमगाईं ज्यूको अध्यक्षतामा बैठक बसी देहायको उपस्थितिमा देहायको निर्णयहरु गरियो।

उपस्थिति

श्री विदुर हुमगाईं - अध्यक्ष

श्री कर्केमाया रुम्बा - उपाध्यक्ष

श्री आइत सिं लो - का.पा. सदस्य

श्री बरवान सिं पाखिन - का.पा. सदस्य

श्री भागवत घिमिरे - का.पा. सदस्य

श्री राम प्रसाद तिमल्सीना - " "

श्री जित बहादुर घिमिरे - " "

श्री टिका प्रसाद दाहाल - " "

श्री सूर्य बहादुर रुम्बा " "

श्री कुमार सिं थिङ " "

श्री सुरेन्द्र सुनार " "

श्री चिनिमाया लुङवा " "

श्री बुद्धिमाया योञ्जन " "

श्री मञ्जु योञ्जन " "

श्री पातली माया गोले "

श्री निर्मला विश्वकर्मा - का.पा. सदस्य    निर्मला

श्री भिम ब. पौड्याल - प्र.सचिव    [signature]

मकवानपुरगढी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

**गाउँकार्यपालिका वैठक : मिति २०७५ श्रावण ६ गते**

**कार्यापालिका वैठकका कार्यसूचि**

१. कृषक समूह, कृषि फर्म नयाँ दर्ता, नविकरण तथा सूचिकृत सम्वन्धम ।
२. बाँझो जग्गाको लगत संकलन सम्वन्धमा ।
३. ढुंगागिटि वालुवाको प्रदेश आर्थिक ऐन, २०७५ को अनूसूचि ५ को सिं.नं. १ र २ को आन्तरिक निकासीको (संकलन र निकासी) कर तथा वाह्य निकासीको (संकलन र निकासी) करको दर रेट निर्धारण सम्वन्धमा ।
४. करारको कर्मचारीहरुको करार म्याद थप सम्वन्धमा ।
५. आर्थिक वर्ष २०७५।०७६ को लागि एकतर्फी पटके सवारी करको ठेक्का स्वीकृत सम्वन्धमा ।
६. गाउँपालिका भवनको तेस्रो तल्ला भवनमा ट्रस्ट तथा पार्टेशन निर्माण सम्वन्धमा ।
७. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ स्वीकृत सम्वन्धमा।
८. घ वर्गको निर्माण व्यवसायी दर्ता खुल्ला गर्ने सम्वन्धमा ।
९. टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धमा ।
१०. गाउँपालिकाको लागि हलुका सवारी साधन र वडा कार्यालयको लागि मोटर साइकल खरिद सम्वन्धमा ।
११. आर्थिक वर्ष २०७५।०७६ को लागि खरिद ईकाई गठन सम्वन्धमा ।
१२. स्वास्थ्य तर्फको आवश्यक कर्मचारी करार नियुक्तिको लागि विज्ञापन प्रकाशन गर्ने सम्वन्धम ।
१३. मकवानपुरगढी गाउँपालिकाको निशर्त अनुदान तर्फको स्वस्थ्य कार्यक्रम संचालन निर्देशिका, २०७५ स्वीकृत सम्वन्धमा ।
१४. आर्थिक वर्ष २०७५।०७६ को बजेट कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी प्रदान गर्ने सम्वन्धम ।
१५. मकवानपुरगढी गाउँपालिकाको आन्तरिक आय राजस्व( नदीजन्य पदार्थको) संकलन तथा बिक्री वितरण सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत सम्वन्धमा ।
१६. मकवानपुरगढी गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७५ स्वीकृत सम्वन्धमा ।
१७. कार्यरत सामाजिक परिचालक सम्वन्धमा ।
१८. आर्थिक वर्ष २०७५।०७६ को लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन(IEE) प्रतिवेदन तयारीको लागि वजेट थप सम्वन्धमा ।
१९. मनकामना मन्दिरको डिपिआर तयारी सम्वन्धमा ।

प्रमाणित [signature]

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय नं १**

प्रस्ताव न. १ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र संचालित विभिन्न कृषि फर्म,कृषि समूह दर्ता नविकरण तथा सूचिकृतिको लागि देहाय अनुसारको कार्यविधि अपनाई चालु आर्थिक वर्षको कार्य अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | कार्यको विवरण | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | नयाँ कृषि फर्म तथा समूहको दर्ता तथा नविकरण | सम्वन्धित वडा कार्यालय | आवश्यक मापदण्ड तथा निर्देशिका गाउँपालिकाले तयार गर्ने । |
| २ | कृषि फर्म तथा समूहको सूचिकृत | गाउँपालिका कृषि विकास शाखाले गर्ने । | |

**निर्णय नं २**

प्रस्ताव न. २ मथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र व्यक्तिगत स्वामित्वमा रहेका जग्ग धनिहरुको जग्गा के कस्तो अवस्थामा बाँझो छ, सो को अवस्था एकिन गर्नको लागि गाउँपालिकाले आवश्यक फर्म तथा मापदण्ड तयार गरि सूचना सर्वाजनिक गर्ने सो अनुसार सम्वन्धित वडा कार्यालयमा बाँझो जग्गाको लगत संकलन गरि गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।०७६ को लागि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ को उपदफा(१) को च मा भएको व्यवस्थाको कर संकलनको लागि प्रदेश नं ३ को आर्थिक ऐन, २०७५ तथा आर्थिक मामिला तथा योजना मन्त्रालय को च.नं ५ मिति २०७५।०४।०२ गतेको परिपत्र अनुसार ढुंगा,गिटि, वालुवा, स्लेट, ग्राभेल र रोडाको आन्तरिक विक्री एवं घाटगद्दि तथा संकलन शुल्क ( स्वीकृत खानी क्षेत्र बाहेकको) र जिल्ला वाहिर निकासी तथा संकलन शुल्क देहाय वमोजिम तोक्ने निर्णय गरियो ।

**तपशिल**

| सिं.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (निकासी शुल्क) |
|---|---|---|---|---|
| १ | ढुंगा,गिट्टि,वालुवा, स्लेट, ग्राभेल रोडा आन्तरिक विक्री एवं घाटगद्दि(स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. २।- | रु. ४।- |
| २ | ढुंगा,गिट्टि,वालुवा, स्लेट, ग्राभेल रोडा जिल्ला बाहिर निकासी कर | प्रति क्यूव फिट | रु. ३।- | रु. ६।- |

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकामा सेवा करारमा कार्यरत देहायको कर्मचारीहरुको सेवा करार म्याद श्रावण १ गते देखि लागू हुने गरि वढीमा ६ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | सेवा | बजेटको श्रोत | हाल कार्यरत निकाय | म्याद थप भएको अवधि |
|---|---|---|---|---|---|---|
| | **प्राविधिक कर्मचारी तर्फ** | | | | | |
| १ | श्री दिपक गौतम | ईन्जिनियर | प्राविधिक | गाउँपालिका आन्तरिक | गाउँपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आय | | सम्म |
| २ | श्री रुपक घोरासैनी | सब-ईन्जिनियर | प्राविधिक | गाउँपालिका आन्तरिक आय | गाउँपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ३ | श्री समिर दाहाल | सब-ईन्जिनियर | प्राविधिक | गाउँपालिका आन्तरिक आय | गाउँपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ४ | श्री मनोहर दाहाल | अ.स.ई. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | गाउँपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| | **सूचना अधिकृत तर्फ** | | | | | |
| ५ | श्री अनिश शर्मा | सूचना प्रविधि अधिकृत | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान ( LGCDP) | गाउँपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| | **सामुदायिक स्वास्थ्य ईकाइ तर्फ** | | | | | |
| ६. | कौशिल्या धमला | अ.हे.व. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | सहिद रुद्र स्मृति सा.स्वा.ईकाई | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ७ | उमेश अधिकारी | अ.हे.व. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | मक्रान्चुली सा.स्वा.ईकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ८ | सुनिता लुङ्वा | अ.हे.व. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | डुम्रेकुना सा.स्वा.इकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ९ | सुमित्रा गोले | अ.हे.व. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | आँपटार सा.स्वा.इकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १० | सन्जिता कार्की | अ.न.मी. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | सहित रुद्र स्मृति सा.स्वा.ईकाई | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| ११ | सुनिता दहाल | अ.न.मी. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | मक्रान्चुली सा.स्वा.ईकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १२ | सरस्वती ढकाल | अ.न.मी. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | डुम्रेकुना सा.स्वा.इकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १३ | गंगा हुमागाई | अ.न.मी. | प्राविधिक | गाउँपालिका आन्तरिक आय | आँपटार सा.स्वा.इकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| | **वर्थिङ सेन्टर तर्फ** | | | | | |
| १४ | झरना तिमल्सीना | अ.न.मी. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | आमभन्ज्याङ स्वास्थ्य चौकी | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १५ | वन्दना राई | अ.न.मी. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | मकवानपुरगढी स्वास्थ्य चौकी | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी,सामुदायिक स्वास्थ्य ईकाई तथा गाउँपालिकाको कार्यालय सहयोगी तर्फ | | | | | | |
| १६ | पवित्रा चौलागाई | का.स. | | नेपाल सरकार शशर्त अनुदान | गाउँपालिका स्वास्थ्य शाखा | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १७ | सीता भुलुन | का.स. | | नेपाल सरकार शशर्त अनुदान | सुकौरा स्वास्थ्य चौकी | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १८ | शुशिला घिसिङ | का.स. | | नेपाल सरकार शशर्त अनुदान | वुढीचौर स्वास्थ्य चौकी | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| १९ | सरस्वती स्याङतान | का.स. | | नेपाल सरकार शशर्त अनुदान | आँपटार सा.स्वस्थ्य ईकाइ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| २० | विमला स्याङतान | का.स. | | नेपाल सरकार शशर्त अनुदान | मकवानपुरगढी स्वास्थ्य चौकी | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| पशु तथा कृषि | | | | | | |
| २१ | संगिता दुलाल | ना.प्रा.स. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | गाउपालिका | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| २२ | कल्पना अधिकारी | ना.प्रा.स. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | वडा नं ५ र ६ | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| २३ | सिता भट्टराई | ना.प.से.प्रा. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | वडा नं ७ को कार्यालय | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |
| २४ | किरण सापकोटा | ना.प.स्वा.प्रा. | प्राविधिक | नेपाल सरकार शशर्त अनुदान | वडा नं ८ को कार्यालय | २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म |

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।०७६ को लागि मकवानपुरगढी गाउँपालिकाको देहायको वाटोहरुमा एकतर्फी सवारी पटके कर (आन्तरिक आय संकलन) को लागि ३० दिने सूचना प्रकाशित गरि रितपुर्वक दर्ता भएका शिलवन्दी वोलपत्रहरु मध्य देहायको फर्म छनौटको लागि मूल्यांकन समितिले प्रतिवेदन सहित कार्यपालिकामा पेश गरेको हुँदा निजको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) अनुसार स्वीकृत गरि सोही दफाको उपदफा (२) अनुसार वोलपत्र स्वीकृत गर्ने आयशको सूचना प्रकाशन गर्न गाउँपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**तपशिल**

| क्र. सं | फर्मको नाम ठेगाना | कामको विवरण | स्वीकृत ठेक्का अंक रु. |
|---|---|---|---|
| १ | श्री ॐ मोक्ष कन्स्ट्रक्सन, हेटौडा-४ | पिप्ले मक्रान्चुली शिखरकटेरी सडक,मक्रान्चुली देवीडाडा धमिले सडक,सामरीपुल धादिङ आमभन्ज्याङ डुम्रेकुना सडक, बुढिचौर सुकौरा मकवानपुरगढी हुँदै कान्तिराजपथ जोड्ने सबै सडक,सिंचाई कुना-मनकामना-सामरी खोला सडक, एक्लेखेत रानीसेरा सडक,मक्रान्चुली चौघडा सडक र इचुङ बुढिचौर सडक को एकतर्फी पटके सवारी कर संकलन गर्ने कार्य । | ३६,०१,१११।- |

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्षको गाउँसभाले स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाको माथिल्लो भवनको ट्रस्ट तथा पार्टेनशनको लागि विनियोजित बजेट रु. १०,००,०००।- बाट शिलवन्दी कोटेशनको माध्ययमबाट निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाले तयार गरेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ पेश भए अनुसार स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता,ईमान्दारिता,जवाफदेहिता,विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ. (१०) ले दिएको अधिकार प्रयोग गरी तयार भएको **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५** अनुसार आर्थिक वर्ष २०७५/०७६ को लागि दर्ता तथा नविकरण कार्य खुल्ला गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्रको विकास प्रक्रिया तथा सामाजिक परिचालनको कार्यलाई व्यवस्थि गर्न टोल विकास संस्था गठन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्षको गाउँ सभाले स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका तथा वडा कार्यालयको लागि विनियोजित बजेटको परिधि भित्र रही गाउँपालिकाको लागि १ थान हलुका सवारी साधन(जिप) र वडा कार्यालय तथा गाउँपालिकाको लागि ९ थान मोटर साइकल सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान बमोजिक खरिद प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।०७६ को लागि मकवानपुरगढी गाउँपालिकाको खरिद ईकाई सार्वजनिक खरिद ऐन, २०६३ को को प्रावधान अनुसार देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक :भिम वहादुर परियार

सदस्य : होमराज ढुंगेल

सदस्य : यूवराज पौड्याल

नोट : विषयगत शाखा अनुसारको खरिद कार्यको लागि सम्वन्धित विषयगत शाखाको प्रमुख लाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

Scanned with CamScanner

प्रमाणित

निर्णय नं १२

प्रस्तावन नं १२ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को लागि बार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायको खर्च श्रोतको आधारमा देहायको संख्या, पद तथा सेवाको प्राविधिक कर्मचारी आवश्यक भएकोले १५ दिनको सूचना प्रकाशन गरि खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | सेवा | आवश्यक संख्या | बजेटको श्रोत |
|---|---|---|---|---|
| १ | अनमी | स्वास्थ्य तर्फको प्राविधिक | ३ जना | १ जना आन्तरिक श्रोत, १ जना प्रदेश सरकार शशर्त अनुदान, १ जना नेपाल सरकार शशर्त अनुदान |

निर्णय नं १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका स्वास्थ्य तर्फको विनियोजित बजेट कार्यान्वयनको लागि तयार भएको स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १४

प्रस्ताव नं १४ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को लागि स्वीकृत देहाय अनुसारको चालु तथा पुँजीगत बजेट कार्यान्वयनको लागि मकवनपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ को उपदफा (१) बमोजिम अध्यक्ष ज्यूबाट अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | पुँजीगत खर्चमा विनियोजित बजेट रु.हजारमा | चालु खर्चमा विनियोजित बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १ | १६६३६६(हजारमा) | २३२४४७(हजारमा) | |

निर्णय नं १५

प्रस्ताव नं १५ माथि छलफल गर्दा, मकवानपुरगढी गाउँपालिकाको आन्तरिक आय राजस्व( नदीजन्य पदार्थको) संकलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १६

प्रस्ताव नं १६ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७५, पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १७

प्रस्ताव नं १८ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।०७६ को लागि यस गाउँपालिकामा स्वीकृत रिक्त दरवन्दी अनुसार प्रत्येक वडा कार्यालयमा कार्यलय सहयोगीको दरवन्दी रहेकोमा साविकको गाविसको कार्यालय कार्यक्षेत्र कायम भै कार्यरत रहेको सामाजिक परिचालकहरुको करार अवधि २०७५ असार मसान्त बाट समाप्त भएको हुँदा, दरबन्दी भै रिक्त रहेका वडा कार्यालयहरुमा सामाजिक परिचालकहरुलाई कार्यालय सहयोगीको रुपमा व्यवस्थापन गर्ने र रिक्त रहेका वडाहरुम प्रक्रिया पुर्‍याई कार्यालय सहयोगी करारमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

प्रस्ताव नं १८ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५।०७६ र २०७६।०७७ को लागि यस क्षेत्रको खोलाहरुबाट ढूंगा,गिटि वालुवा उत्खननको लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन कार्यको लागि विनियोजित बजेट रु. ५,००,०००।- मध्य दैनिक उत्खनन गर्न मिल्ने परिमाण अनुसार २ वटा क्लस्टर बनाउनु पर्ने आवश्यकता भएको हुँदा,सो शिर्षकमा विनियोजित बजेट अपुग हुने देखिएकोले सो विनियोजित बजेटमा कन्टेन्जेन्सी रकमबाट रु. १,५०,०००।- थप गरि रु. ६,५०,०००।- बजेट कायम गरि २ वटा क्लस्टरको लागि छुट्टा छुट्टै कोटेशन मार्फत अध्ययन गराउने निर्णय गरियो ।

निर्णय न. १९

प्रस्ताव नं १९ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्षमा विनियोजित देहायको बजेट शिर्षकबाट उक्त क्षेत्रको डिपिआर तयारीको लागि देहाय अनुसार खर्च गर्ने गरी बजेट विनियोजन गर्ने र सो डिपिआर तयारीको लागि सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम दर रेट माग गरि कार्य प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

| क्र.सं. | मुल शिर्षक | विनियोजित बजेट रु. हजारमा | विनियोजित शिर्षक | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | मनकामना मन्दिर क्षेत्र विकास कार्यक्रम( ३११५९) | ७,००,०००।- | मनकामना मन्दिर डिपिआर तयारी | १,७५,०००।- |

प्रमाणित